नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४    अंक २८२    २०८२ साल असार २ गते सोमबार (16 June 2025 Monday)    मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वर्ष २०८१ का अकल्पनीयः ... ३ पृष्ठमा : नेपालको आर्थिक वृद्धिदर ... ३ पृष्ठमा :नाइट क्लबको छत ...

# विकास अवरुद्ध हुनुको मुख्य कारण भ्रष्टाचार, गैरजवाफदेही ठेकेदारहरू र सम्बन्धित सरकारी कार्यालयका प्रमुखहरू : संविधानसभा सदस्य कर्ण











**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

संविधानसभा सदस्य रन्जित कर्णले सप्तरीमा विकास अवरुद्ध हुनुको मुख्य कारण बेथिति, भ्रष्टाचार, गैरजवाफदेही ठेकेदारहरू र सम्बन्धित सरकारी कार्यालयका प्रमुखहरू रहेको आरोप लगाएका छन् ।

उनले विकास कार्य अवरुद्ध रहेका राजविराज-हनुमाननगर रोड, राजविराजस्थित कोल्ड स्टोर, राजविराजको सिरहा रोड, हुलाकी राजमार्ग अन्तरगतको कंचनपुर रोड र राजविराजको कन्या छात्रावासको तस्बिर राखेर सामाजिक संजालमार्फत सार्वजनिक गरेका छन् ।

नेवि संघका पूर्व अध्यक्ष समेत रहेका संविधानसभा सदस्य कर्णले जिल्लाको ती विकासीय कार्यहरु सम्पन्न गराउनका लागि सम्बन्धित निकायलाई सामाजिक संजाल मार्फत ७२ घण्टे अल्टिमेटम समेत दिएका छन् ।

"सबै सरोकारवालाको उपस्थितिमा सबैका अगाडि राजविराजस्थित गजेन्द्र चौकमा खुला छलफल हुन्छ ।" उनले सामाजिक संजालमा चेतावनीका साथ लेखेका छन्- "दोषी जोसुकै भए पनि कानून बमोजिम कारबाही होस् । नत्र हामी थप आन्दोलनमा जान बाध्य हुनेछौं ।"

यसअघि जेठ ३० गते शुक्रबार राजविराज नगरपालिकामा व्याप्त भ्रष्टाचार, विकासको अभाव तथा उच्चस्तरीय छानबिनको माग गर्दै शुक्रबार प्रधानमन्त्रीको कार्यालयमा ध्यानाकर्षण पत्र समेत पठाइएको थियो ।

संविधानसभा सदस्य एवं नेवि संघका पूर्व अध्यक्ष रन्जित कर्ण, नेपाली काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, काँग्रेसका राजविराज नगरपालिकाका नगरसभापति आनन्दकुमार झा, काँग्रेस सप्तरीका प्रवक्ता नन्दु यादव, काँग्रेस सप्तरीका जिल्ला सदस्य सब्बिर आजम र काँग्रेस सप्तरीका नेता ध्रुब प्रसाद देवले संयुक्त रुपमा प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत प्रधानमन्त्रीको कार्यालयमा सो ध्यानाकर्षण पत्र बुझाएका थिए ।

सो ध्यानाकर्षण पत्रमा राजविराज नगरपालिकाको व्यतिथिका साथ राजविराज-कंचनपुर हुलाकी मार्ग, राजविराज-हनुमाननगर सडक, राजविराज नेता चौक-सिरहा सडक आदि निर्माण तथा मर्मत नहुनु, बस पार्क संचालन नहुनु, महिला छात्रवास वर्षौंदेखी अधुरो हुनु, गजेन्द्र नारायण सिंह अस्पताल निर्माण भएपनि सेवा संचालन नहुनु, रामराजा सिंह शिक्षण अस्पताल सम्बन्धी प्रक्रिया अघि नबढ्नु आदि समस्याले जनतामा गहिरो निराश पैदा गरेको उल्लेख छ ।

सोही ध्यानाकर्षण पत्रमा राजविराज नगरपालिकामा खर्च नभएको बजेट, बजेटको दुरुपयोग र भ्रष्टाचार बारे उच्चस्तरिय छानबिन समिति गठन, दोषि व्यक्तिहरुलाई कानुन बमोजिम कारवाही, अलपत्र पूर्वाधार विकास योजनाहरु तुरुन्तै सम्पन्न, स्थानीय प्रशासन, प्रहरी तथा सरोकारवाला निकायहरुलाई यथासिघ्र जवाफदेखी, प्रहरी प्रशासनको उपस्थितिमा भएको तोडफोड घटनाको छानबिन र नेपाल सरकारका कर्मचारीहरुबाट भएको दुर्व्यबहार सम्बन्धी घटनाको पनि छानबिन गर्न माग गरिएको छ ।

# चटचाङ लागेर एकको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, १ असार ।**

रौतहटको गरुडा नगरपालिका १ जयनगर टोलका ६५ वर्षीय सियाराम बनियाको चट्याङ लागेर मृत्यु भएको छ ।

आइतबार बिहान चटचाङ लागेर घाइते भएका उनको उपचारका क्रममा गौरस्थित प्रादेशिक अस्पताल मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका वरिष्ठ प्रहरी निरीक्षक दीपककुमार रायले जानकारी दिएका छन् ।

# मधेश प्रदेशको ४६ अर्ब ५८ करोड ३३ लाखको बजेट

**दैनिक समाचारदाता**
**जनकपुर, १ असार ।**

मधेस प्रदेश सरकारले आगामी आ.ब. २०८२/८३ का लागि ४६ अर्ब ५८ करोड ३३ लाखको बजेट सार्वजनिक गरेको छ ।

प्रदेश सरकारका अर्थमन्त्री सुनिल कुमार यादवले आइतबार प्रदेशसभाको बैठकमा सो बराबरको बजेट घोषणा गरेका हुन् ।

उक्त बजेटमध्ये चालुतर्फ १६ अर्ब ७२ करोड ५ लाख रुपैयाँ, पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख रुपैयाँ रहेको छ ।

स्रोततर्फ आन्तरिक आन्तरिक राजश्वतर्फ ९ अर्ब ५० करोड ८३ लाख, वित्तीय समानीकरणतर्फ ७ अर्ब ७२ करोड १९ लाख, सशर्त अनुदानतर्फ ४ अर्ब २६ करोड

*बाँकी दुई पृष्ठमा*

# समाज रुपान्तरणमा कलाकारहरुको भूमिका महत्वपूर्ण : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**जनकपुर, १ असार ।**

मधेश प्रदेश सरकारका प्रवक्ता एवम गृह सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले समाज रुपान्तरणमा कलाकारहरुको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा आइतबार चलचित्र तथा लोक सञ्चार प्रवर्धन वोर्डले चलचित्र तथा लोकसञ्चार प्रवर्धन वोर्डको संस्थागत विकास सम्बन्धी आयोजना गरेको संवाद कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

गृहमन्त्री लेखीले लोक सांस्कृतिक रुपमा धनी मधेश प्रदेशका लोप हुन लागेका कला संस्कृतिको सीमित स्रोतसाधनका वावजुद मधेश प्रदेश सरकारले विकासका लागि प्रतिबद्ध रहेको बताए ।

मधेशको कला संस्कृतिको विकासमा चलचित्र तथा लोक सञ्चार प्रवर्धन वोर्डले पहलकदमी लिनुपर्नेमा जोड दिनु पर्ने उनको भनाई थियो । उनले चलचित्र तथा लोक सञ्चार प्रवर्धन बोर्डमा नयाँ नेतृत्व आएपछि भएको यस प्रकारको कार्यक्रममा आएका सुझावलाई बोर्डले गम्भीरता पुर्वक लिएर अगामी दिनमा कार्ययोजना बनाउनु पर्नेमा जोड समेत दिए ।

*बाँकी तीन पृष्ठमा*

## योग्यता प्रणालीको सम्मान गरौं

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

**"योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता"**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### रावि नपाको सन्दर्भमा स्थानीय प्रहरी प्रशासनको समन्वयकारी भूमिका फितलो

राजविराज नगरपालिका भित्र देखिएको आन्तरिक विवाद अहिले सतहमा पुगेपछी सेवाहरु ठप्प भएको छ। एक सातादेखी कर्मचारीहरुले उठाएका विभिन्न माग तथा त्यसपछी भएको तालाबन्दी, कुटपिट, धर्ना जस्ता घटनाले अहिले नगरपालिकाको अत्यावश्यक बाहेकका अनय सेवाहरु ठप्प भएको छ। आन्तरिक विवादका कारण अहिले कर्मचारीहरु पनि दुई गुटमा बाडिएका छन्। एकातर्फ एक गुटले कुटपिटमा संलग्न व्यक्तिहरुलाई कारवाही तथा क्षतिपूर्ती, भयमुक्त कामकाज गर्ने वातावरण लगायतका माग अघि सार्दै नगरपालिका परिसरमै धर्ना बसेका छन् भने अर्को गुटले कामकाज सूचारु गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापन बुझाएका छन्।

यसरी कार्यालयका कर्मचारीहरु नै दुई गुटमा विभाजन भएपछी सेवाग्राहीहरु मर्कामा परेका छन्। आर्थिक वर्ष अन्त्यतिर यसरी चुलिएको विवादमा नगरको विकासीय योजना प्रभावित त भएकै छ भने अर्कोतिर जनताले पाउनु पर्ने विभिन्न सेवाबाट बञ्चित समेत भएका छन्। हालसम्म ११ महिनाको अवधीमा ११ प्रतिशत मात्र विकासीय योजनाहरु सम्पन्न भएको छ। यसअघि नगरपालिकामा व्यापक भ्रष्टाचार भएको भन्दै सरोकारवाला निकायले आवाज उठाउदा समेत कसैले कुनै चासो नदेखाउनुले जनता आश्चर्यमा परेका छन्।

गत जेठ २७ गते मंगलबारका दिन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको हाजरी गराउने सम्बन्धमा भएको विवादले बिक्राल रुप लिएपछी स्थानीय प्रहरी प्रशासन समेत गम्भिर देखिएको छैन्। यसरी जिल्लाको सदरमुकाम समेत रहेको राजविराज नगरपालिकाको कामकाज ठप्प हुँदा कसैको ध्यान जान नसक्नुले पनि यसमा कुनै षडयन्त्र भइरहेको त छैन् भन्ने प्रश्न उठ्नु स्वभाविक हो। तसर्थ स्थानीय प्रहरी प्रशासनको समन्वयकारी भूमिका फितलो भएकै कारण नगरपालिकाको यस्तो अवस्था आएको हो भन्ने कुरामा कुनै दुईमत नहोला। यसका लागि प्रहरी प्रशासनले चाडो भन्दा चाडो कुनै निकास निकाल्नु अति आवश्यक भएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# लोकतन्त्रिक प्रणाली र बजेटमा खुलापन

**हरिविनोद अधिकारी**

काठमाडौँ, १ असार (रासस)।

हाम्रो देशको संविधानले सङ्घीय बजेट सार्वजनिक गर्ने दिन तोकेको छ जेठ १५ गते हो। विक्रम संवत् २००८ देखि बजेटमार्फत योजनाबद्ध आम्दानी र खर्च गर्ने परम्परा सुरु भएको हो। यहाँ स्मरणीय छ, २००७ सालमा नेपालमा जहानियाँ राणा शासनको अन्त्य भएपछि मुलुकले प्रजातन्त्रको नयाँ बिहानी सुरु भएपछि नेपाल वैश्विक प्रजातान्त्रिक वातावरणमा पुगेको थियो। विसं २००८ मा तत्कालीन अर्थमन्त्री सुवर्णशमशेर राणाले बजेट प्रस्तुत गरेर नेपालमा बजेट परम्पराको थालनी गर्नुभएको थियो। तत्कालीन सरकारलाई मुलुक प्रजातान्त्रिक प्रक्रियामा प्रवेश गरेको कुराको जानकारी दिनु पनि थियो र मुलुकमा योजनाबद्ध तरिकाले विकासको सुरुआत गर्नु पनि थियो।

नेपालमा त्यसपछि त्रिवर्षीय, पञ्चवर्षीय योजना बन्न थाले र योजनाका आधारमा एक आर्थिक वर्षका लागि आय र व्ययको अनुमान गरेर जनप्रतिनिधिमूलक संस्थामा प्रस्तुत गर्न थालियो। सामान्यतः आधुनिक नेपालमा साउन सङ्क्रान्तिबाट नयाँ आर्थिक वर्षको सुरुआत मान्ने र असार मसान्तमा आर्थिक वर्षको अन्त मानेर बजेट प्रस्तुत तथा कार्यान्वयन गर्ने प्रचलन चलेको पाइन्छ। बजेटमा व्यवस्था गरेका आम्दानी र खर्चको कार्यान्वयन आर्थिक वर्षको पहिलो दिनबाटै होस् भनेर असारसम्ममा दुवै सदनबाट बजेट पारित गरिनेछ। त्यसैले जेठ १५ गते नै बजेट प्रस्तुत गर्न थालिएको हो। कतिपटक त संसद् विघटन भएकाबेला परेकाले बजेट अध्यादेशका रुपमा सार्वजनिक गरिएको पनि उदाहरण पाइन्छ। प्रजातान्त्रिक प्रक्रियामा कार्यपालिकाले गरेको आम्दानी खर्चको स्वतन्त्ररुपमा परीक्षण गरेर कमीकमजोरी सच्याउनका लागि संविधानमा नै स्वायत्त निकायका रुपमा महालेखा परीक्षकको व्यवस्था गरिएको छ।

संविधानसभाले बनाएको नेपालको संविधान (२०७२) ले गरेको व्यवस्थाअनुसार गणतन्त्र दिवसकै दिन जेठ १५गते नेपालको सङ्घीय संसदको संयुक्त बैठकमा आर्थिक वर्ष २०८२/८३ को आय व्ययको अनुमान अर्थात् बजेट प्रस्तुत गर्नुपर्ने थियो, गरियो। अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षका लागि रु. १९ खर्ब ६४ अर्ब ११ करोडको अनुमानित आयव्ययको विवरण प्रस्तुत गर्नुभन्दा पहिले आर्थिक सर्भेक्षण २०८१/८२ प्रस्तुत गर्नु भएको थियो। विनियोजित कूल रकममध्ये चालुतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६० दशमलव १ प्रतिशत, पुँजीगततर्फ रु चार खर्ब सात अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत, वित्तीय व्यवस्थापनतर्फ रु तीन खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९ दशमलव १ प्रतिशत रहेको छ। यो अनुमान चालु आर्थिक वर्षको विनियोजनकोक तुलनामा ५ दशमलव ६ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १८ दशमलव २ प्रतिशत बढी हो। कूल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार खर्ब १७ अर्ब ८३ करोड विनियोजन भएको देखिन्छ।

यसैगरी खर्च बेहोर्ने आर्थिक स्रोतमध्ये राजस्वबाट रु १३ खर्ब १५ अर्ब, वैदेशिक अनुदानबाट रु ५३ अर्ब ४५ करोड बेहोर्दा पाँच खर्ब ९५ अर्ब ६६ करोड न्यून हुनजाने देखिन्छ। सो न्यून पूरा गर्न वैदेशिक ऋणबाट रु दुई खर्ब ३३ अर्ब ६६ करोड जुटाउने लक्ष्य राखिएको छ। राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग भएको रु तीन खर्ब ६२ अर्ब आन्तरिक ऋणबाट बेहोरिनेछ।

चालु खर्चमा बढ्न थालेको दायित्व र सार्वजनिक ऋण (वैदेशिक तथा आन्तरिक ऋण) को साँवा ब्याजसहित तिर्नुपर्दा र विकासका लागि खर्चको जोहो गर्दा वैदेशिक अनुदानको मात्रा घट्दै जानु, बेलामा आयोजनाहरु सम्पन्न नहुनु र त्यसमा लागत बढ्ने क्रमले पनि खर्चमा दबाब सृजना भएको देखिन्छ भने उत्पादनमा सहजीकरण नभएर र राजस्वमा विविधीकरण नहुँदा अनुमान गरिएको राजस्व र वैदेशिक अनुदानको मात्रा नपुग हुँदा पनि बजेटमा असन्तुलन आउन थालेको देखिन्छ। बजेटका नयाँ कार्यक्रम भनेर नयाँ खर्चका कुनै विषय थप गरिएको देखिँदैन र पनि दुई वर्षभित्रमा चामलमा आत्मनिर्भर हुने, पाँच लाख परिवारलाई जग्गा धनी पुर्जा वितरण गर्ने, सार्वजनिक निकायमा इन्टर्नलाई परिचालन गर्ने, निजीक्षेत्रसँग सात खर्ब बराबरको परियोजना विकास सम्झौता गर्ने, हप्तामा २० घण्टा कामको न्यूनतम् ज्यालासहित कमाउँदै पढ्दै कार्यक्रम लागू गर्ने, व्यवसायीलाई विदेशमा पनि लगानी गर्न खुला गर्ने, वृद्धभत्ताको उमेर ६८ बाट बढाएर फेरि ७० गरिएको छ।

बजेटमा नयाँ कुराभन्दा पनि कार्यान्वयनको समस्या देखिन्छ। नेपाली परम्परामा साउनदेखि बजेट कार्यान्वयन गर्ने भने पनि मङ्सिरयता कार्यान्वयन हुने सम्भावना देखिँदैन। स्थानीय तह, प्रदेश तथा सङ्घीय मन्त्रालयको बेरुजुको चाँङ हेर्दा बजेटको खासै सदुपयोगभन्दा पनि जथाभावी बेनियमले खर्च गर्ने प्रवृत्तिमा कसरी हो नियन्त्रण गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ। बेरोजगारी घटाउने, उत्पादनशीलता बढाउने कुरा बजेटमा देख्दा र निजीक्षेत्रसँग सहकार्य गर्ने नीतिले केही आशा जगाउने • देखिए पनि इमान्दारिताका साथ कार्यान्वयन गर्ने आत्मबल अर्थमन्त्रालयले राख्नुपर्छ र सबै तहले सहयोग गरे बजेट कार्यान्वयनमा पनि आउँछ र लक्ष्यबमोजिमको परिणाम पनि आउनेछ। यसपटकको बजेट महत्वाकाङ्क्षी छैनभन्दा पनि खुला बजेटका सिद्धान्तलाई पालना गरिएको देखिँदैन भन्ने खुला बजेटका विज्ञहरुको धारणा छ। बजेट खुलापन लोकतन्त्रको आधारभूत सिद्धान्त हो किनभने यसले सरकारको वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही र जनताप्रति उत्तरदायी बनाउँछ। नेपालजस्ता लोकतान्त्रिक देशमा बजेट खुलापनका निम्न कारणले महत्वपूर्ण छ :

**पारदर्शिता र जवाफदेही**

खुला बजेटले सरकारले कसरी राजस्व सङ्कलन गर्छ र खर्च गर्छ भन्ने जानकारी जनतासमक्ष पुऱ्याउँछ। यसले भ्रष्टाचार र दुरुपयोगलाई कम गर्न मद्दत गर्छ। उदाहरणका लागि, यदि बजेट विवरण सार्वजनिक छैन भने, सरकारी अधिकारीले आफ्नो स्वार्थका लागि रकम दुरुपयोग गर्न सक्छन् भन्ने मानिन्छ जस्तो कि अहिले नै बजेटमा देखिएका कमीहरु बाहिर आउन थालेका छन्। कतिपय रकमको अपारदर्शी शीर्षक र अनुत्पादक खर्चको रुपमा मान्न थालिएको देखिन्छ। र पनि बजेटको खास खुलापन भनेको नै बजेटको संरचनामा पारदर्शीता आवश्यक छ र जसको जे जिम्मा हो, त्यसको लागि बेलैमा कार्यान्वयन गर्ने जवाफदेहीता रहनुपर्छ। अहिलेको बजेट संरचनामा केही हदमा पारदर्शीता त छ, तर पनि बजेट गोप्य राख्नुपर्छ भन्ने पुरातन मान्यतामा अझै परिवर्तन ल्याउन सकिएको पाइँदैन। खुला बजेट सर्वेक्षण २०२३ मा नेपालले १०० पूर्णाङ्कमा ५० अङ्क प्राप्त गरेको पाइन्छ।

**नागरिक सहभागिता**

लोकतन्त्रमा जनताको सहभागिता महत्वपूर्ण हुन्छ। खुला बजेटले नागरिकलाई बजेट निर्माण प्रक्रियामा भाग लिन, आफ्ना आवश्यकता र प्राथमिकताहरू व्यक्त गर्न प्रोत्साहन गर्छ। जस्तै, स्थानीय तहमा बजेट छलफलले समुदायका वास्तविक समस्याहरू सम्बोधन गर्न सकिन्छ। अहिले हामीसँग तीन तहका सरकार छन् र खासगरी स्थानीय तहले बजेटको यथार्थस्वरुप प्रदान गर्न, त्यसको कार्यान्वयन गर्ने र जनताका समस्याहरुसँग आत्मसात् गरी उनीहरुका समस्याको समाधान गर्ने गरेको पाइन्छ। प्रदेश र स्थानीय तह आफैँमा स्वनिर्भर र स्वतन्त्र रुपमा आयको अवस्थामा छैनन् र तिनीहरुको खर्चको सबैजसो भार सङ्घीय बजेटले बेहोर्नु परेको देखिन्छ। यसमा नागरिकको सहभागिताका लागि २०२३को खुला बजेट सर्वेक्षणमा १०० पूर्णाङ्कमा ३१ अङ्क प्राप्त भएको तथ्याङ्क सार्वजनिक भएको थियो।

**विश्वासको निर्माण**

जब सरकारले आफ्ना वित्तीय योजना खुला रूपमा प्रस्तुत गर्छ, जनतामा सरकारप्रति विश्वास बढ्छ। नेपालमा, जहाँ सरकारी संस्थाप्रति अविश्वासको इतिहास छ, बजेट खुलापनले जनता र सरकारबीचको रिक्तता कम गर्न सक्छ। जनतामा मात्र होइन, दातृ निकायमा पनि विश्वास निर्माण गर्न सफल हुनुपर्छ। विनियोजित रकम बेलामा खर्च हुनुपर्छ, नचाहिँदो खर्च कटौती र आवश्यक खर्चका लागि स्रोत परिचालन गर्नसके जनतामा र बजेट निर्माणसँग सरोकार राख्ने पक्षमा विश्वासको निर्माण जरुरी छ।

**सुशासन**

सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सुशासन हो। खुला बजेटले नीति निर्माणमा प्रभावकारिता ल्याउँछ। नागरिकले बजेटको निगरानी गर्न सक्छन् र गलत खर्च वा प्राथमिकतामा प्रश्न उठाउन सक्छन्। उदाहरणका लागि, यदि शिक्षा वा स्वास्थ्यमा कम बजेट छुट्याइएको छ भने, नागरिकहरूले त्यसको विरोध गर्न सक्छन्। बजेट निगरानी गर्ने भनेको संसद्का विभिन्न समितिहरु, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाईसहितको सामाजिक परीक्षण, महालेखापरीक्षण, विभिन्न न्यायिक तथा अर्धन्यायिक संस्थाहरुले बजेट निगरानी गर्नुपर्छ। खासगरी जसका लागि बजेट विनियोजित छ, त्यही पक्ष बढी सजग भएर बजेटको निगरानी गर्नुपर्छ। खुला बजेट सर्वेक्षणमा बजेट निगरानीमा पूर्णाङ्क १०० मा नेपालले ४६ अङ्कमात्र प्राप्त गरेको देखिन्छ।

**अन्तरराष्ट्रिय मापदण्ड**

बजेटका लागि प्रजातान्त्रिक मुलुकहरुमा अनेक मापदण्ड राखिएका हुन्छन्, जसले बजेटमा पारदर्शीता देखियोस्, यथार्थमा आधारित होस्, मुलुकको यथार्थ आर्थिक अवस्था चित्रण गरेर आगामी दिनका लागि योजना बनाओस्। अन्तरराष्ट्रिय मञ्चहरू, जस्तै ओपन बजेट इनिसिएटिभले बजेट पारदर्शीतालाई लोकतान्त्रिक सुशासनको सूचक मान्छन्। नेपालले यस्ता मापदण्ड पालना गरेर अन्तरराष्ट्रिय विश्वसनीयता बढाउन सक्छ। बजेट परम्पराको ७४ वर्ष हुँदा पनि अन्तरराष्ट्रिय मान्यतामा पुग्न सकिएको देखिँदैन। यसको अर्थ यो पनि होइन कि प्रयास भएकै छैन।

नेपालका सन्दर्भमा, २०२३ को ओपन बजेट इन्डेक्सअनुसार नेपालको बजेट पारदर्शीता मध्यमस्तरको छ। यसलाई सुधार गर्न डिजिटल प्लेटफर्म, स्थानीय भाषामा बजेट जानकारी र नागरिक छलफलका मञ्चको विकास आवश्यक छ। खुला बजेटलेमात्रै लोकतन्त्र सुदृढ हुन्छ, किनभने यो जनताको अधिकार र सरकारको कर्तव्यबीचको 'सेतु' हो।

***मधेश प्रदेशको ...***

१८ लाख, विशेष अनुदानतर्फ ३९ करोड ४५ लाख तथा समपूरक अनुदानतर्फ ३५ करोड ८२ लाख रुपैयाँ रहेको छ।

यसपटक मधेशले राजश्व बाँडफाँटबाट १ अर्ब ३५ करोड, अघिल्लो वर्षको नगद मौज्दातबाट १० अर्ब ३८ करोड र आन्तरिक ऋणबाट २ अर्ब रुपैयाँ जुटाउने लक्ष्य लिएको छ।

# इनड्राइभको ‘राइड्स फर गोल्स‘ क्याम्पेन सफलतापूर्वक सम्पन्न




**दैनिक समाचारदाता**
**काठमाडौं, १ असार ।**

विश्वव्यापी मोबिलिटी एण्ड अर्वान सर्भिस प्लेटफर्म इनड्राइभले काठमाडौंमा आफ्नो ‘राइड्स फर गोल्स‘ क्याम्पेन सफलतापूर्वक सम्पन्न गरेको छ ।

अभियानको प्रमुख उद्देश्य पब्लिक विद्यालयका खेलमैदानहरूको पुननिर्माण तथा स्तरोन्नति गर्नु र विद्यार्थीरूलाई खेलकुद गतिविधिमा सक्रिय रुपमा सहभागी गराउँदै उनीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा टेवा पुर्‍याउनु रहेको हो ।

क्याम्पेनमार्फत विद्यालयका खेल मैदानलाई आधुनिक र सुरक्षित बनाउन सहयोग गरिएकोले विद्यार्थीहरूलाई खेलकुदप्रति रुचि बढाउने, टीमवर्कको भावना विकास गर्ने र स्वास्थ्य जीवनशैली अपनाउन उत्प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

अंग्रेजी ‘मे‘ महिनाभरि सञ्चालन गरिएको यस अभियानको माध्यमबाट, प्रत्येक तेस्रो राइडको भाडाको १० प्रतिशत रकम, चयन गरिएका पब्लिक प्राइमेरी विद्यालयहरूको खेलमैदान मर्मत तथा आवश्यक खेलकुद सामग्रीहरू उपलब्ध गराउन खर्च गरिएको थियो ।

अभियानले विद्यार्थीहरूको समग्र विकासमा योगदान पुर्‍याउने उद्देश्यले विद्यालयका खेलमैदानहरूको पूर्वाधार मर्मत तथा सम्वर्धनले बालबालिकाहरूका लागि सुरक्षित, सफा र रमाइलो खेल तथा मनोरञ्जनको वातावरण निर्माण भएको जनाइएको छ ।

बालबालिकाहरूलाई सानै उमेरदेखि खेलकुदमा संलग्न गराउने र शारीरिक गतिविधिप्रति रुचि बढाउने हेतुले बास्केटबल, फुटसल, ब्याडमिन्टन र्‍याकेट लगायतका स्पोर्ट्स किटहरू वितरण गरिएको छ ।

“इनड्राइभमा हामी दृढ विश्वास गर्छौं कि मोबिलिटी केवल यात्राको सुविधा मात्र होइन, समुदाय सशक्तिकरण र समावेशी विकासतर्फको मार्ग पनि हो ।” इनड्राइभ एपीएसी कम्युनिकेसन लिड पावित नन्दा आनन्दले भनिन्, “राइड्स फर गोल्स” अभियानले विद्यालयका बालबालिकालाई स्वस्थ र सकारात्मक वातावरणमा खेल्न सहयोग गरेर उनीहरूको सम्पूर्ण विकासलाई प्रत्यक्ष समर्थन पुर्‍याउँछ । हामीलाई टिमवर्क, आत्मविश्वास, र नेतृत्व जस्ता सीपहरू विकास गर्न सक्ने ठाउँ निर्माणमा योगदान गर्न पाउनुमा अत्यन्त गर्व छ ।”

---

***समाज रुपान्तरणमा...***

उनले देशमा प्राप्त भएका उपलब्धी प्राप्त गर्नमा राजनीतिकमीको सँगसँगै पत्रकार र कलाकारको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको बताए ।

कार्यक्रममा जसपा नेपालका प्रदेशसभा सदस्य मनिस सुमनले हरेक मान्छेमा विलक्षण प्रतिभा हुनेगरेको भन्दै राज्यले त्यस्ता प्रतिभा भएकाहरुको खोजी गर्नुपर्ने जिकिर गरे । नेकपा (एमाले) का प्रदेशसभा सदस्य राजेन्द्र चौधरीले मौलिक परम्परामा अधारित लोक नाचहरु लोप भइरहेको बताउँदै त्यस्ता लोकनाच र लोकगितहरुको संरक्षण गरी राज्यले यसलाई रोजगारीसँग जोडनु पर्नेमा जोड दिए । चलचित्र तथा लोकसञ्चार प्रवर्धन वोर्ड मधेश प्रदेशका अध्यक्ष किशोरकुमार लेखीको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रदेशसभा सदस्यहरुले आफनो विचार राखेका थिए ।

कार्यक्रममा अध्यक्ष लेखीसहित मिथिलाका लोकप्रिय गायक ललित कामतसहितका कलाकारहरुले मौलिक गितहरु प्रस्तुत गरेका थिए ।

## जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय सप्तरीको सूचना

**उदेश्य :**

- जिल्लामा बिद्यमान जलश्रोतको विकास गरि सिंचाइ योग्य जमिनमा बर्षेभरी सिंचाई सेवा बिस्तार गर्ने, गराउने,
- कृषकको सहभागितामुलक अवधारणा अनुरुप उपभोक्ताहरुको संस्थागत विकास गरि सिंचाइ प्रणालीको दिगो व्यवस्थापन गर्ने गराउने,
- सिंचाइ विकाससाग सम्बन्धित प्राविधिक जनशक्ति, उपभोक्ता र गैर सरकारी संघ संस्थाको ज्ञान सिप र संस्थागत कार्य क्षमतामा वृद्धि गर्ने गराउने,
- जिल्लामा किसानद्वारा संचालनमा रहेका साना तथा मझौला सिंचाई प्रणालिहरुको मर्मत सम्भार गरि नहरको दिगो ब्यबस्थापनमा किसानहरुलाई सहयोग गर्ने,
- जिल्लाका साना तथा मझौला नदीहरुमा जल उत्पन्न प्रकोपबाट हुने कटान डुवानको व्यबस्थापन तथा नियन्त्रण गरि जल उत्पन्न प्रकोपबाट हुने जनधन तथा कृषि योग्य जमिनको क्षतिलाई न्युनिकरण गर्ने,
- साना तथा मझौला नहरहरूको निर्माण तथा मर्मत सम्भार गर्ने गराउने, सिचांईको माध्यमबाट जिल्लाको समग्र कृषिको बिकासमा योगदान पुर्‍याउने ।

**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**
**सप्तरी, राजविराज**

## विश्व समाचार

### भारतमा हेलिकप्टर दुर्घटनामा बालकसहित सात जनाको मृत्यु

देहरादून (भारत), १ असार (रासस/एएफपी) ।

भारतमा आइतबार हिन्दू तीर्थयात्रीहरूलाई तीर्थस्थलबाट लैजाने क्रममा हेलिकप्टर दुर्घटना हुँदा बालकसहित सात जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन् । बिहीबार पश्चिमी भारतीय सहर अहमदाबादको आवासीय क्षेत्रमा यात्रु विमान ठोक्किँदा कम्तीमा दुई सय ७९ जनाको मृत्यु भएकोमा आफन्तहरूले शोक व्यक्त गर्दा यो घातक दुर्घटना भएको हो ।

उत्तराखण्ड राज्यको केदारनाथ मन्दिरबाट उडान भरेको हेलिकप्टर दुर्घटनामा पाइलट र सबै छ जना यात्रुको मृत्यु भएको आपत्कालीन प्रतिक्रिया अधिकारी नन्दन सिंह राजवारले एएफपीलाई बताउनुभयो । राज्यका मुख्यमन्त्री पुष्कर सिंह धामीले ‘अत्यन्त दुःखद समाचार’ पछि उद्धार टोलीहरू घटनास्थलमा पठाइएको बताउनुभयो । जिल्ला पर्यटन अधिकारी राहुल चौबेका अनुसार खराब मौसमका कारण दुर्घटना भएको हुनसक्छ । केदारनाथ मन्दिर तीन हजार पाँच सय ८४ मिटर (११ हजार सात सय ५९ फिट) उचाइमा अवस्थित छ र गर्मीको समयमा यहाँ पहुँच सम्भव हुँदा तीर्थयात्रीहरूको भीड लाग्छ ।

हेलिकप्टर चार्टर फर्महरूको कुटीर उद्योग भारतीय हिमालयका तीर्थस्थलहरू भ्रमण गर्न चाहने तर कठिन पदयात्राबाट बच्न रुचाउने धनी तीर्थयात्रीहरूलाई सेवा दिन विकसित भएको छ । गत महिना मन्दिर जाने बाटोमा भएको अर्को हेलिकप्टर दुर्घटनामा छ जनाको मृत्यु भएको थियो ।

### इरानले आक्रमण गरे अमेरिकी सेनाको ‘पूर्ण शक्ति’ प्रयोग हुन्छ : ट्रम्प

वासिङ्टन, १ असार (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार इरानलाई यदि इरानले संयुक्त राज्य अमेरिकामाथि आक्रमण गर्‍यो भने उसले अमेरिकी सेनाको ‘पूर्ण शक्ति’ भोग्नुपर्ने चेतावनी दिनुभएको छ ।

तेहरानका आणविक र गुप्तचर सुविधाहरूमाथि इजरायलको आक्रमणमा वासिङ्टनको ‘कुनै संलग्नता नरहेको’ उहाँले दोहोर्‍याउनुभयो ।

तेहरानका अनुसार शुक्रबार बिहान सुरु भएको इजरायलको अपरेसनले इरानी आणविक र सैन्य ठाउँहरूलाई निशाना बनाएको छ र यसमा शीर्ष सेना कमाण्डर र आणविक वैज्ञानिकहरूसहित दर्जनौँको मृत्यु भएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले ‘आयातोल्लाह शासनको हरेक लक्ष्य’ मा आक्रमण गर्ने प्रतिज्ञा गर्नुभएको छ र इरानले घातक मिसाइल आक्रमणका साथ जवाफ दिएको छ ।

ट्रम्पले इजरायली अपरेसन सुरु हुनुअघि नै आफूलाई यसको जानकारी रहेको बताउनुभएको थियो । उहाँले आइतबार बिहान आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा संयुक्त राज्य अमेरिकाको ‘आज राति इरानमाथिको आक्रमणमा कुनै संलग्नता छैन’ भनी दोहोर्‍याउनुभयो ।

“यदि इरानले हामीमाथि कुनै पनि रूपमा आक्रमण गर्‍यो भने अमेरिकी सशस्त्र बलको पूर्ण शक्ति र बल तपाईंमाथि यस्तो स्तरमा आइपर्नेछ जुन पहिले कहिल्यै देखिएको छैन”, उहाँले एक पोस्टमा भन्नुभयो, “हामी इरान र इजरायलबीच सजिलै सम्झौता गराउन सक्छौँ र यो रक्तपातपूर्ण द्वन्द्व अन्त्य गर्न सक्छौँ !!!”

ट्रम्पले शुक्रबार तेहरानलाई सम्झौता गर्न वा इजरायलबाट ‘अझ क्रूर’ आक्रमणको सामना गर्न आग्रह गर्नुभएको थियो । आफ्नो पहिलो कार्यकालमा ट्रम्पले एकपक्षीय रूपमा संयुक्त राज्य अमेरिकालाई फिर्ता लिनुभएपछि इरानसँगको ऐतिहासिक आणविक सम्झौता २०१८ मा ध्वस्त भएको थियो र उहाँले इरानमाथि पुनःप्रतिबन्धहरू लगाउनुभएको थियो । उक्त सम्झौता पूर्वराष्ट्रपति बराक ओबामाको नेतृत्वमा भएको वार्तामार्फत भएको थियो ।

### अमेरिकी विरोध प्रदर्शनमा गोलीकाण्डमा एक जना ‘गम्भीर घाइते’ : प्रहरी

वासिङ्टन, १ असार (रासस/एएफपी) ।

पश्चिमी राज्य युटाहमा राष्ट्रपति डोनाल्ड ट्रम्पका नीतिहरू विरुद्धको विरोध प्रदर्शनमा भएको गोलीकाण्डमा एक व्यक्तिलाई ‘जीवनलाई जोखिममा पार्ने चोट’ लागेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार अन्य तीन जनालाई हिरासतमा लिइएको छ । यो घटना शनिबार राति ८:०० बजे (०२०० जिएमटी आइतबार) युटाहको राजधानी साल्ट लेक सिटीमा भएको प्रहरीले बताएको छ । ट्रम्पको विरोधमा संयुक्त राज्य अमेरिकाभर चलेका धेरै ‘नो किङ्ग्स’ प्रदर्शनहरू मध्ये एक त्यहाँ करिब १० हजार मानिसले विरोध प्रदर्शन गरेका थिए ।

“गोलीकाण्डमा एकजना व्यक्ति गम्भीर घाइते भएको हामी पुष्टि गर्न सक्छौँ । बिरामीलाई जीवनलाई जोखिममा पार्ने (घाइते) अस्पतालमा लगिएको छ”, साल्ट लेक सिटी प्रहरी विभागले एक सामाजिक सञ्जाल पोस्टमा भनेको छ, “एक संदिग्ध व्यक्तिलाई हिरासतमा राखिएको छ ।”

प्रहरी प्रमुख ब्रायन रेडले एक पत्रकार सम्मेलनमा गोलीकाण्डसम्मका घटनाहरू ‘धेरै शान्तिपूर्ण’ भएको जोड दिँदै हिरासतमा लिइएको पहिलो व्यक्तिलाई गोली लागेको र अस्पताल लगिएको बताउनुभयो । घटनामा संलग्न अन्य दुई जनालाई हिरासतमा लिइएको पनि उहाँले बताउनुभयो ।

“यस समयमा, त्यहाँ... जनताका लागि कुनै खतरा जारी छैन”, रेडले भन्नुभयो । गोलीकाण्ड राजनीतिक रूपमा प्रेरित थियो कि भनी भन्न प्रहरीको अनुसन्धानमा अझै चाँडो भएको उहाँले बताउनुभयो ।

“हिंसाको यो कार्यले गहिरो रातो रिपब्लिकन राज्य युटाहमा रहेको डेमोक्रेटिक गढ साल्ट लेक सिटीलाई परिभाषित गर्दैन”, सहरका मेयर एरिन मेन्डनहलले भन्नुभयो, “आजको प्रदर्शनको उद्देश्य यो घटना नभएसम्म एक शक्तिशाली र शान्तिपूर्ण अभिव्यक्ति थियो र यसलाई हानि पुर्‍याउने उद्देश्यले एकल कार्यले छाड्न वा चुप लगाउन सकिँदैन ।”

“हामी एउटा राष्ट्र हौँ जसलाई हाम्रो पहिलो संशोधन अधिकार चाहिन्छ, हामी शान्तिले विरोध गर्न योग्य छौँ र आज जे भयो म आशा गर्दछु कि जनताको आवाजलाई चुप लगाउने छैन जो आफ्नो आवाज सुन्न योग्य छन्”, उहाँले भन्नुभयो ।

# एघार महिनामा ४० प्रतिशत विकास खर्च

काठमाडौं, १ असार (रासस)।

चालु आर्थिक वर्ष समाप्त हुन एक महिना मात्र बाँकी रहँदा विकास खर्च ४० प्रतिशत मात्र भएको छ। चालु आवका लागि छुट्याइएको बजेटमध्ये जेठ मसान्तसम्ममा ४० प्रतिशत मात्र पुँजीगत खर्च भएको हो।

महालेखा नियन्त्रक कार्यालयका अनुसार जेठ मसान्तसम्मको केन्द्र सरकारको विकास खर्च वार्षिक लक्ष्यको ४० दशमलव सात प्रतिशत अर्थात् रु एक खर्ब ४३ अर्ब ३९ करोड सात लाख बराबर छ। चालु आवका लागि सरकारले रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख पुँजीगत खर्च छुट्याएको थियो।

प्रारम्भिक लक्ष्यअनुसार खर्च हुन असारमा मात्ररु दुई खर्ब नौ अर्ब पुँजीगत बजेट खर्च गर्नुपर्ने हुन्छ। सरकारले बजेटको मध्यावधि समीक्षा र आगामी आर्थिक वर्षको बजेट संसद्मा प्रस्तुत गर्दासमेत दुईपटक आय-व्ययको अनुमान संशोधन गरिसकेको छ। सुरुको विनियोजनको तुलनामा मात्र नभई दोस्रोपटक संशोधित लक्ष्यको तुलनामा पनि हालसम्मको वास्तविक खर्च निकै कम हो। असारे विकास भनेर आचोलित हुँदै आएको सरकारलाई आवको अन्त्यको खर्च रोक्न महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष आफ्नो प्रतिवेदनमार्फत सुझाव दिँदै आएको छ तर असारमा नै अधिक खर्च हुने प्रवृत्ति रोकिएको छैन।

गत जेठ मसान्तसम्म समग्र बजेट खर्च वार्षिक विनियोजनको ६८ दशमलव ९८ प्रतिशत छ। चालु आवका लागि सरकारले रु १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याएको थियो। पछिल्लो ११ महिनामा रु १२ खर्ब ८३ अर्ब १६ करोड खर्च भएको छ। प्रारम्भिक विनियोजन लक्ष्यअनुसार खर्च गर्ने होभने असारमा मात्र सरकारले रु पाँच खर्ब ७७ अर्ब १४ करोड बराबर बजेट खर्च गर्नुपर्ने हुन्छ।

विकास आयोजनामा लगाइने पुँजीगत शीर्षकको खर्च कमजोर हुँदा चालु खर्च र सरकारी ऋणको साँवा-ब्याज भुक्तानीमा हुने वित्तीय व्यवस्थातर्फको खर्च भने औसत देखिन्छ। यस वर्षका लागि सरकारले चालु खर्च रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन गरेकामा जेठ मसान्तसम्ममा ७४ दशमलव ६८ प्रतिशत अर्थात् रु आठ खर्ब ५१ अर्ब ७९ करोड ६३ लाख खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख बजेट विनियोजन भएकोमा समीक्षा अवधिमा ७८ दशमलव ४१ प्रतिशत अर्थात् रु दुई खर्ब ८७ अर्ब ९७ करोड खर्च भएको छ।

सरकारको खर्च मात्र नभई आम्दानी पनि खुम्चिएको छ। यस वर्षका लागि रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख आम्दानी गर्ने लक्ष्य निर्धारण भएकामा जेठ मसान्तसम्ममा वार्षिक लक्ष्यको ७० दशमलव ९९ प्रतिशत बराबर मात्र आम्दानी भएको छ। कर राजस्व वार्षिक लक्ष्यको ७१ दशमलव ४८ प्रतिशत अर्थात् नौ खर्ब १८ अर्ब र गैरकर राजस्व वार्षिक लक्ष्यको ७२ दशमलव छ प्रतिशत अर्थात् रु ९८ अर्ब आठ करोड छ। यसवर्ष सरकारले रु १२ खर्ब ८४ अर्ब २० करोड कर राजस्व र रु एक खर्ब ३५ अर्ब गैरकर राजस्व उठाउने लक्ष्य थियो।

हालसम्मको वैदेशिक अनुदान प्राप्ति वार्षिक लक्ष्यको ३२ दशमलव ६६ प्रतिशतमा सीमित भएको छ। यसवर्ष सरकारले रु ५२ अर्ब ३२ करोड वैदेशिक अनुदान उठाउने लक्ष्य राखेकोमा जेठ मसान्तसम्ममा रु १७ अर्ब नौ करोड बराबर मात्र प्राप्ति गरेको उक्त कार्यालयले जनाएको छ।

सरकारले आर्थिक वर्ष २०८१/८२ को वार्षिक आय र व्ययको अनुमान दोस्रोपटक संशोधन गरिसकेको छ। पछिल्लो अनुमानअनुसार यस वर्ष वार्षिक विनियोजनको ८९ दशमलव चार प्रतिशत अर्थात् १६ खर्ब ६२ अर्ब ३७ करोड बजेट खर्च ठानिएको छ। प्रारम्भिक विनियोजनको अनुपातमा चालु खर्चतर्फ ८८ दशमलव पाँच, पुँजीगततर्फ ८४ दशमलव चार र वित्तीय व्यवस्थातर्फ ९७ दशमलव छ प्रतिशत रहने संशोधित अनुमान सरकारको छ। चालु आर्थिक वर्ष राजस्व परिचालन रु १२ खर्ब ६७ अर्ब ३९ करोमा खुम्चने सरकारको अनुमान छ।

# एकै स्थानमा एक हजार ७१७ जनाले रक्तदान गरेर नयाँ 'रेकर्ड' कायम

चितवन, १ असार (रासस)।

यहाँ आयोजना गरिएको रक्तदान महोत्सवमा एक हजार ७१७ जनाले रक्तदान गरेका छन्। ब्लड डोनर्स सोसाइटी नेपाल चितवन शाखाद्वारा शनिबार आयोजित सो महोत्सवमा जिल्लाका सातवटै पालिकाका रक्तदाता सहभागी भएका थिए। सङ्कलित रगतमध्ये नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरले एक हजार ५३६ युनिट र भरतपुर अस्पताल ब्लड बैंकले एक सय ८१ युनिट रगत 'स्टोर' गरेका छन्।

जुन १४ मा अन्तरराष्ट्रिय रक्तदाता दिवस पर्दछ। यही अवसर पारेर सोसाइटीले उक्त महोत्सव आयोजना गरेको हो। "उपचारका क्रममा रगत आवश्यक पर्दा अभाव हुने गरेको छ। तर रक्तदान गर्न मिल्ने धेरैले रक्तदान गरेको पाइँदैन। रक्तदानप्रति अग्रसर हुने सन्देश दिन यो बृहत् कार्यक्रम आयोजना गरेका हौँ", सोसाइटीका चितवन अध्यक्ष तथा मूल समारोह समितिका कार्यक्रम संयोजक एकराज बुर्लाकोटीले भन्नुभयो।

रक्तदान महोत्सवले एकै दिनमा एकै ठाउँमा सञ्चालित रक्तदान कार्यक्रममध्ये नेपालकै सर्वाधिक रगत सङ्कलन गर्दै राष्ट्रिय रेकर्डसमेत कायम गरेको सोसाइटीका सचिव तथा प्रचार समितिका संयोजक विपिन पाठकले बताउनुभयो। यसअघि लायन्स क्लब अफ काठमाडौँलगायतका संस्थाले २०७४ फागुन २५ गते विश्व कीर्तिमान कायम गर्ने उद्देश्यले काठमाडौँको टुँडिखेलमा एक हजार ५०० पिन्ट रगत सङ्कलन गरेको उहाँले जनकारी दिनुभयो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, सप्तरी, राजविराज

मिति :-२०८२/०२/२५

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमावन्दी श्रेष्ता बमोजिम रैती नं. १४३ हरि लाल मंडरको नाममा कायम रहेका साबिक प्रगन्ना मझौवा मौजे सखुवा पत्थरगाडा सा.कि.नं. १८५८ को ज.वि. ०-६-१ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स लालापट्टी वडा नं. ४ हाल छिन्नमस्ता गा.पा. वडा नं. ४ बस्ने दरवारी पंडितको नाति तुलसी पंडितको छोरा राजेन्द्र पंडित-१, महेन्द्र पंडित-१, जग नारायण पंडित-१, जहरु पंडित-१ भगवानि पंडित-१ र हरि नारायण पंडितको पत्नी सुनैर देवी-१ समेत ६ को यस कार्यालयमा द.नं. २८९६७ मिति २०८२/०२/१८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०२/२५ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएका सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १८५८ | हरि लाल मंडर | सखुवा पत्थरगाडा | ४क | २३६ | ०-५-१३.५ | राजेन्द्र पंडित महेन्द्र पंडित, जग नारायण पंडित, जहरु पंडित, भगवानि पंडित, सुनैर देवी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा दरवारी चौधरीको नम्बरी जग्गा हो रहेको। |

....................
प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद [illegible]
प्रमुख मालपोत अधिकृत

# कोशी प्रदेश सरकारले ल्यायो करिब ३६ अर्बको बजेट

विराटनगर, १ असार (रासस)।

कोशी प्रदेशसभाको आइतबारको बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले आगामी आर्थिक वर्ष २०८२/८३ का रु ३५ अर्ब ८७ करोड ९९ लाख बजेट प्रस्तुत गर्नुभएको छ।

कुल विनियोजन बजेटमध्ये चालुतर्फ रु १८ अर्ब ६७ करोड ३३ लाख अर्थात ५२ प्रतिशत, पुँजीगततर्फ रु १७ अर्ब १० करोड ६५ लाख अर्थात ४७ दशमलव सात प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु १० करोड अर्थात शून्य दशमलव तीन प्रतिशत रहेको छ। यो अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा एक दशमलव सात प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १२ प्रतिशतले बढी रहेको जनाइएको छ। कुल विनियोजनमा स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार अर्ब ७० करोड ७२ लाख रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट रु पाँच अर्ब ५० करोड, राजस्व बाँडफाँटबाट रु १२ अर्ब ३९ करोड ६० लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु आठ अर्ब ९८ करोड ३४ लाख हुने जनाइएको छ।

साथै ससर्त अनुदानबाट रु चार अर्ब ५७ करोड १० लाख, समपूरक अनुदानबाट रु ३९ करोड १७ लाख र विशेष अनुदानबाट रु ५५ करोड ७२ लाख गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा रु ३२ अर्ब ७४ करोड ९९ लाख र रोयल्टीबाट प्राप्त हुने रकमबाट रु ३५ करोड छ लाख खर्च व्यहोरिनेछ। बाँकी अपुग रकम नगद मौज्दातबाट रु तीन अर्ब १३ करोड व्यहोरिने मन्त्री मगरले बजेटमार्फत जानकारी दिनुभएको छ।

प्रस्तुत भएको बजेट कार्यान्वयनबाट प्रदेशको समग्र आर्थिक आधारहरुको सबलीकरण भई आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने अनुकूल अवस्था सिर्जना हुने अपेक्षा गरिएको छ। यो बजेटले निजी क्षेत्रको लगानी वृद्धि गर्दै रोजगारीका अवसरको सिर्जना गर्न महत्वपूर्ण योगदान गर्ने, आन्तरिक राजस्व परिचालन सुदृढ गर्न, बजेट अनुशासन कायम गर्न र प्रदेश सरकारको लगानी प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गर्न सफलता मिल्ने बजेटले विश्वास लिएको छ।

यसबाट सार्वजनिक वित्त् व्यवस्थापना थप सुधार भई विकासमा तीव्रता आउनाका साथै प्रस्तावित बजेटको कार्यान्वयनबाट आर्थिक वर्ष २०८२/८३ मा आर्थिक वृद्धिदर पाँच दशमलव तीन प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*